**मिति २०८२/०६/०९ गते बिहिबार, १७९औं कार्यपालिका बैठक**

**प्रस्तावहरुः**

१. चाडपर्वको शुभकामना सम्बन्धमा।

२. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा।

३. कार्यविधि सम्बन्धमा।

४. म्याद थप सम्बन्धमा।

५. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।

६. विविध सम्बन्धमा।

**निर्णय नं. १**

२०८२ सालको नेपालीहरुको महान चाडहरु बडा दशैं , शुभ दिपावली तिहार तथा छठ पर्वको सुखद उपलक्ष्यमा सम्पूर्ण नगरवासी आमा बुबा, दिदी बहिनी लगायत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो। साथै चाडबाँडलाइ तडकभडक रहित तथा मर्यादित तरिकाले मनाउन समेत नगरवासीहरुमा अनुरोध गर्ने।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो। सो सन्दर्भमा नजिकिदै गरेको चाडपर्वलाई समेत मध्यनजर गर्दै नगरका विभिन्न सडकमा भएका खाल्डाखुल्डी मर्मत गरी सवारी आवागमन व्यवस्थित गर्ने उद्देश्यले वडा कार्यालयबाट विपद् व्यवस्थापन/सडक मर्मत शिर्षकमा छुट्टयाइएको बजेटबाट व्यवस्थापन हुने गरी तत्काल सडक मर्मत गर्ने।

**निर्णय नं. ३**

३.१ स्थानीय तहमा कार्यरत कर्मचारीहरुको संचालन र व्यवस्थापन सम्बन्धमा लुम्बिनी प्रदेश सरकारबाट जारी भएको स्थानीय निजामती सेवा ऐन/नियामावली, २०८१ बमोजिम हुने हुदाँ घोराही उपमहानगरपालिकाबाट जारी भएको अस्थायी सेवा अवधी गणना कार्यविधि, २०७६ खारेज गर्ने।

३.२ नगर शिक्षा समितिबाट सिफारिस भई सामाजिक विकाश महाशाखाबाट पेश भएको घोराही उपमहानगरपालिकाबाट विद्यालयलाई दिइने विभिन्न अनुदान व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने।

३.३ नगर शिक्षा समितिबाट सिफारिस भई सामाजिक विकाश महाशाखाबाट पेश भए बमोजिम वृत्ति मार्गनिदेशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि २०८१ मा देहायको संशोधन गर्ने

- दफा १३ को अन्त्यमा रहेको गर्नुपर्नेछ भन्ने शब्दावलीको सट्टा गर्न सक्नेछ भन्ने शब्दावली राख्ने

- दफा १५ को उपदफा १ मा ...अध्ययनरत विद्यार्थी संख्यालाई प्रति समूह २५ देखि ३५ जनाको सट्टा अध्ययनरत विद्यार्थीहरू मध्ये कार्यक्रममा सहभागी हुन इच्छुक २० देखि ३० जनाको... बनाउने । त्यस पछाडिको प्रतिबन्धात्मक वाक्यको सट्टा देहायको वाक्य राख्ने
  तर कक्षा ९ र १० मा १५ जना वा सोभन्दा कम विद्यार्थी भएमा वा कार्यक्रममा सहभागी हुन इच्छुक विद्यार्थीको समूहमा १५ जना वा सोभन्दा कम विद्यार्थी मात्र रहने अवस्था भएमा १ जनामात्र वृत्ति मार्गनिर्देशन शिक्षकले सत्र सञ्चालन गर्न सक्नेछ।
- दफा २७ को उपदफा १ मा रहेको ...हाजिरि विवरण... भन्ने शब्दावली हटाउने

**निर्णय नं. ४**

पूर्वाधार विकास महाशाखाबाट पेश आएको तपसिल बमोजिमको खरिद सम्झौताको म्याद थप गर्ने।

तपसिलः

| क्र. स. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायिको नम | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | पहिलो पटक म्याद थप भई सम्पन्न गर्नु पर्ने मिति | दोस्रो पटक म्याद थप भई सम्पन्न गर्नु पर्ने मिति | तेस्रो पटक म्याद थप भई सम्पन्न गर्नु पर्ने मिति | चौथो पटक म्याद थप भई सम्पन्न गर्नु पर्ने मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/09/077/078 | प्रशासनिक भवन | गौरी पार्वत/भूसाल/बस्नेत (जे.भी.) | २०७८/०२/२० | २०८०/०१/३१ | २०८०/०३/३१ | २०८०/१२/२० | २०८२/०३/३० | २०८३/०३/३० |

**निर्णय नं. ५**

नगर शिक्षा समितिबाट निर्णय भएका देहायका निर्णयहरु अनुमोदन गर्ने।

५.१ माध्यमिक विद्यालय झिङ्नी बञ्जारी घोराही-३ दाङमा माध्यमिक तहको संघीय शिक्षण सहयोग अनुदान कोटाको विज्ञान/गणित विषयमा त्यस विद्यालयको व्यवस्थापन समितिको मिति २०७८/०९/०३ को निर्णयानुसार करार नियुक्ती गरिएका शिक्षक यम बहादुर डाँगीको नियुक्तीको विषय शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि २०७७ तथा शिक्षक सेवा आयोगले माध्यमिक तहमा शिक्षक पदपूर्ती गर्ने आधार समेतलाई मध्यनजर गरी विज्ञान विषय कायम गर्ने।

५.२ शैक्षिक सत्र २०८२ को दरबन्दी मिलानका क्रममा निम्न माध्यमिक तहका दरबन्दी कट भएका देहायका विद्यालयमा शैक्षिक सत्र २०८३ मा रिक्त हुने देहाय बमोजिमको दरबन्दी कायम हुने

| क्र स | विद्यालयको नाम | हाल कट भएको दरबन्दीको तह र विषय | २०८३ मा कायम हुने दरबन्दीको तह र विषय | २०८३ मा दरबन्दी कट हुने विद्यालय |
|---|---|---|---|---|
| १ | सिद्ध रत्ननाथ माध्यमिक विद्यालय, घोराही -१० नारायणपुर | नि मा अंग्रेजी | नि मा सामाजिक | मा वि रझेना |
| २ | भगवती माध्यमिक विद्यालय, घोराही -१९ होडवाङ | नि मा सामाजिक | नि मा सामाजिक | पद्मोदय पब्लिक नमूना मा वि भरतपुर |

४.३ नगर कार्यपालिकाको मिति २०८२।०५।०२ को निर्णयानुसार माध्यमिक विद्यालय ढिकपुर बाट दरबन्दी कट भइ सिद्ध रत्ननाथ माध्यमिक विद्यालय नारायणपुरमा दरबन्दी सहित सरुवा गरिएका प्राथमिक द्वितीय श्रेणीका स्थायी शिक्षक द्रोण बहादुर भण्डारीको दरबन्दी हापुर माध्यमिक विद्यालय निघुवारमा कायम हुने गरी सरुवा संशोधन गर्ने।

**निर्णय नं. ६**

मिति २०८२/०५/२४ गते भएको आन्दोलनको क्रममा नगर कार्यपालिकाको कार्यालयमा भएको आगजनीका कारण आर्थिक वर्ष २०८२/८३को साउन र भदौ महिनामा संचालन भएको तपसिल बमोजिमका बैठक तथा कार्यक्रमको उपस्थिती जलेर नष्ट भएको हुदाँ सो बैठक तथा कार्यक्रमहरुमा खाना र खाजा खाए वापतको अनिवार्य दायित्वको भुक्तानी सम्बन्धित शाखा (सूचना तथा संचार प्रविधि शाखा)को सिफारिसको आधारमा सम्बन्धित पक्षलाई बिल अनुसारको भुक्तानी दिने।

तपसिलः

१) मिति २०८२/०४/११ र १२ गते संचालन भएको आर्थिक वर्ष २०८१/८२को नगरस्तरीय वार्षिक प्रगति समिक्षा कार्यक्रममा खाजा र खानाको भुक्तानी।
२) मिति २०८२/०४/१५ गते बसेको नगर कार्यपालिकाको बैठकमा खाजाको भुक्तानी।
३) मिति २०८२/०५/०२ गते बसेको नगर कार्यपालिकाको बैठकमा खाजा र खानाको भुक्तानी।